# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

प.सं. ०७९/८०
च.नं. १८५१

मिति : २०७९/०६/३१

श्री वडा कार्यालय १४, २२, २६, २९,
भरतपुर महानगरपालिका, चितवन।

विषय : लाभग्राही छनौट तथा जग्गा यकिन गर्ने सम्बन्धमा।

उपरोक्त विषयमा यस भरतपुर महानगरपालिकाको वार्षिक नगर विकास योजना २०७९/८० को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत "सामुहिक आवास भवन निर्माण कार्य भरतपुर महानगरपालिका वडा नं. १४, २२, २६, २९" शीर्षकमा बजेट बिनियोजन भएको छ। सो कार्यक्रम संचालनको लागि तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ को दफा ७(क) र जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ३ अनुसार ४ लाभग्राही (प्रति वडा) छनौट गर्नुहुन र जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५ अनुसार कार्यक्रम कार्यान्वयन स्थल यकिन गरी जानकारी गराउनुहुन अनुरोध छ।

ई. लक्ष्मी प्रसाद भण्डारी
सि.डि.ई
सिनियर डिभिजन इन्जिनियर

## तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८

स्वीकृत मितिः २०७८/०७/१४

<u>प्रस्तावनाः</u> तराई–मधेशका मानव विकास सूचकाङ्कमा तुलनात्मक रूपमा पछाडि परेका स्थानीय तहमा भौतिक पूर्वाधार लगायत विकासका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरी सघन रूपमा आर्थिक, सामाजिक रूपान्तरण गर्न एवम् जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन तराई–मधेश समृद्धि कार्यक्रम मार्फत आवश्यक विकास कार्यक्रम तर्जुमा गरी सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (२) बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो निर्देशिका बनाई लागू गरेको छ।

### परिच्छेद –१

### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुदान" भन्नाले यस कार्यक्रम मार्फत् उपलब्ध हुने सशर्त अनुदान सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले तराई–मधेश समृद्धि कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना सम्झनु पर्छ।

(ग) "आयोजना छनौट समिति" भन्नाले दफा १६ बमोजिम गठित समिति सम्झनु पर्छ।

(घ) "उपभोक्ता समिति" भन्नाले यस कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताहरू सम्मिलित भई आयोजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गर्न गठन भएको समिति सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले तराई–मधेश समृद्धि कार्यक्रम सम्झनु पर्छ।

७. **कार्यक्रम सञ्चालनका क्षेत्रः** (१) भौतिक पूर्वाधार विकास निर्माण मार्फत सार्वजनिक सेवामा पहुँच वृद्धि गर्ने तथा आर्थिक सामाजिक रुपले पछाडि परेका वर्ग र समुदायको जीवनस्तरमा सुधार ल्याउने आयोजना सञ्चालन गर्नका लागि यस निर्देशिका बमोजिम अनुदान उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको अनुदान स्थानीय तहले देहायका क्षेत्रका आयोजना सञ्चालन गर्न उपयोग गर्नु पर्नेछः

(क) **सामूहिक आवास भवन :** आर्थिक, सामाजिक रुपले पछाडि परेका अति विपन्न परिवारका लागि आवासको व्यवस्था गर्न देहायका आधारमा सम्बन्धित स्थानीय तहले लाभग्राही छनौट गरी आयोजना सञ्चालन गर्न सक्नेछः

अ) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएको प्रमाण, वा

आ) जग्गाधनी प्रमाण पूर्जा वा घरजग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफु विगतदेखि सो स्थानमा बसोवास गरी आएको भन्ने स्थानीय तहले गरिदिएको प्रमाणित, वा

इ) विजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज, वा

ई) लाभग्राही बसोवास गर्दै आएको घरको भौतिक अवस्था।

यस आयोजनाका लागि लाभग्राहीको छनौट, कार्यक्रम कार्यान्वयन स्थल निर्धारण, लागत सहभागिता, निर्माण कार्यको व्यबस्थापन, आवास भवनको उपयोग र बेचविखन आदि व्यवस्था नेपाल सरकार मन्त्रिपरिषदले मिति २०७५/०९/०९ मा स्वीकृत गरेको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ मा भएको व्यवस्थालाई आधार मानी स्थानीय तहले व्यवस्था गरे बमोजिम हुनेछ।

(ख) **साना सडक स्तरोन्नतिः** स्थानीय तहका ग्रामीण बस्ती, गाउँपालिका वा नगरपालिकाको केन्द्रबाट वडा जोड्ने, एउटा वडाबाट अर्को वडा जोड्ने र एउटा गाउँबाट अर्को गाउँ जोड्ने स-साना सडक आयोजना।

तर, सडकको नयाँ ट्र्याक खोल्न, माटोजन्य कार्य वा ग्राभेलका लागि मात्र यस कार्यक्रमको रकमबाट खर्च व्यहोरिने छैन।

(ग) **सामुदायिक पूर्वाधारः** सामुदायिक भवन, विद्यालय भवन, प्रसुति सेवा केन्द्र, बाल विकास केन्द्र भवन, सामुदायिक तालिम केन्द्र निर्माण।

# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) हेटौंडा, मकवानपुर, चैत ०२ गते, २०७५ साल (अतिरिक्ताङ्क २६(क)

## भाग ३

प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

प्रदेश नं. ३, हेटौंडाको

**सूचना**

प्रदेश नं. ३ को प्रदेश सरकारले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले यो सूचना प्रकाशन गरिएको छ।

## जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

लोपोन्मुख र अति सीमान्तकृत जाति वा समुदायका विपन्न वर्गहरु सम्झनु पर्छ।

(ठ) "लाभग्राही" भन्नाले दफा ४ बमोजिम छनौट भएको लाभग्राही घर धनी सम्झनु पर्छ।

## परिच्छेद-२
## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन

३. **लक्षित वर्गको पहिचानः** (१) लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छः-

(क) विगतदेखि सम्बन्धित स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,

(ख) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्वन्धी कागजात वा आफू विगत देखि सो स्थानमा बसोबास गरी आएको भन्ने स्थानीय तहको सिफारिस,

(ग) विजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागजात,

(घ) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था,

(ङ) सम्बन्धित स्थानीय तहले लक्षित वर्गभित्र परेको भनी गरेको सिफारिस।

(२) उपरोक्त अनुसारका लक्षित वर्गको पहिचानको लागि व्यवस्था भएको उपदफा (१) को खण्ड (क), (ख) र (ग) मध्ये कुनै एक मात्र आधार लिई लक्षित वर्गको पहिचान गर्न सकिनेछ।

४. **लाभग्राहीको छनौटका आधारः** हाल नेपाल सरकारको स्वीकृत कार्यक्रम बमोजिमको आर्थिक वर्ष २०७४/७५ मा छनौट भएका लाभग्राहीहरु नै लाभग्राही हुनेछन्।

५. **कार्यक्रम कार्यान्वयन स्थलः** (१) साधारणतया दश लाभग्राही परिवार बसोबास भएको स्थान वा बस्तीमा कार्यक्रम कार्यान्वयन गरिनेछ।

तर छरिएर बसोबास गरेको डोम, अति सीमान्तकृत तथा लोपोन्मुख जातीको बस्तीको हकमा यो बन्देज लागू हुने छैन।

(२) कार्यक्रम कार्यान्वयन स्थल पहिचान गर्दा लक्षित वर्गको घर यथास्थानमा पुनःर्निमाण हुने गरी गरिनेछ।

तर प्राकृतिक प्रकोपको जोखिममा रहेको, वन सीमा क्षेत्रमा परेको वा कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यान्वयन गरिने छैन।

## परिच्छेद-३
## रकम तथा निर्माण सामग्री सम्वन्धी

६. **रकम उपलव्ध गराउनेः** (१) कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले लाभग्राहीलाई आवास निर्माण गर्न लाभग्राहीको खातामा सोझै रकम उपलब्ध गराउने छ।

(२) रकम प्राप्त गर्न लाभग्राहीले रकम प्राप्त गर्ने सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले सिफारिस गरेको बैङ्कमा खाता खोल्नु पर्नेछ।

(३) लाभग्राहीलाई रकम उपलव्ध गराउने सम्वन्धमा कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई र लाभग्राही बीच अनुसूची-१ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।